नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

तनहुँ
☎ ०६५ { ५६३१३३ ५६३१०७ ५६३१०९

पत्र संख्याः- २०८३/८४
च. नं.-

ने.सं. ११४७

चमेनागृह सञ्चालन गर्ने सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथमपटक प्रकाशित मितिः २०८३/०८/०७

आर्थिक वर्ष २०८३/०८४ का लागि जिल्ला प्रशासन कार्यालय तनहुँमा कार्यरत कर्मचारीहरुलाई स्वच्छ, स्वस्थकर, सफा, शुद्ध तथा गुणस्तरयुक्त खाना र खाजा उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय तनहुँको परिसरमा चमेना गृह सञ्चालन गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि करमा दर्ता भएका अनुभवी इच्छुक फर्म संस्था कम्पनी तथा व्यक्तिहरुले यो सूचना प्रकाशित भएको ७ दिनभित्र कार्यालय समयभित्र सिलबन्दी दरभाउपत्रको प्रस्ताव पेश गर्न आह्वान गरिएको छ। उक्त दरभाउपत्रको प्रस्ताव सूचना प्रकाशित भएको आठौं दिन दिउसो ठिक २ बजे कार्यालय समयमा खोलिने छ। सो दिन सार्वजनिक विदाको दिन पर्न गएमा भोलिपल्ट सोही समय र स्थानमा खोलिनेछ। सिलबन्दी दरभाउपत्रको फाराम यस कार्यालयको जिन्सी शाखामा रु.१०००।०० अक्षरुपी एक हजार रुपैयाँ मात्र बैंक दाखिला गरेको भौचर पेश गरी जिन्सी शाखाबाट खरिद गर्न सकिनेछ । सिलबन्दी दरभाउपत्र पेश गर्दा कबुल गरेको अंकको दोब्बर अंक बराबरको रकम यस कार्यालयको धरौटी खाता नं.क-२.३ को.ले.नि.का. तनहुँ धरौटी खाता ०६००१००००२००३०००००१ मा जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु पर्नेछ । सिलबन्दी दरभाउपत्रको प्रस्ताव पेश गर्दा फर्म दर्ताको प्रमाणपत्र मू अ कर दर्ताको प्रमाणपत्र आ व २०८२/०८३ सम्मको करचुक्ता प्रमाणपत्रका साथै प्रचलित कानून अनुसारका अन्य आवश्यक कागजात पेश गर्नुपर्नेछ। सिलबन्दी दरभाउपत्र स्वीकृत भएको फर्म वा संस्था कम्पनी वा व्यक्तिले सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भएको शर्त अनुसारको सेवा उपलब्ध गराउनुपर्नेछ। उपरोक्तानुसार नगरेमा धरौटीवापत राखिएको रकम जफत गरिनेछ। सिलबन्दी दरभाउपत्र फाराम स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। सो सूचना यसै कार्यालयको website: www.daotanahu.gov.np मा पनि उपलब्ध हुनेछ। अन्य केही बुझ्नुपरेमा यसै कार्यालयको टोल फ्रि नं १८१०५०००१८८ मार्फत पनि जानकारी लिन सकिने छ । अन्य सबै कुराहरु प्रचलित कानून तथा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

२०८३।०८।०८

प्रशासकीय अधिकृत